नेपाल सरकार
रक्षा मन्त्रालय

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरबार, काठमाडौं, नेपाल

नेपाल सरकार
रक्षा मन्त्रालय
सिंहदरबार

प्रेस विज्ञप्ति

माननीय रक्षा मन्त्री श्री मानवीर राईसँग मिति २०८१/०५/०६ गतेका दिन नेपालका लागि गणतन्त्र कोरियाका महामहिम राजदूत Park Tae-Young ले रक्षा मन्त्रालय, सिंहदरवारमा शिष्टाचार भेटघाट गर्नुभयो।

भेटवार्ताको क्रममा माननीय रक्षा मन्त्रीज्यूले नेपाल र कोरियावीच सन् १९७४ मा कूटनीतिक सम्वन्ध स्थापना भएदेखि नै सौहार्दपूर्ण द्विपक्षीय सम्वन्ध रहँदै आएको र द्विपक्षीय सम्वन्ध आपसी सम्मान, समझदारी र सहयोगमा आधारित रहेको कुरा बताउनुभयो। उहाँले दुई मुलुकवीच कूटनीतिक सम्वन्ध स्थापना भएको पचासौं वार्षिकोत्सवको अवसरमा द्विपक्षीय सम्वन्धलाई थप प्रगाढ र फराकिलो बनाउन दुवै मुलुकबाट विभिन्न कार्यक्रम आयोजना भइरहेकोमा आफूलाई खुसी लागेको बताउनुभयो। वैदेशिक रोजगारीमा जान चाहने नेपाली श्रमिकहरूका लागि कोरिया एक आकर्षक गन्तव्य मुलुक रहेको बताउनुहुँदै माननीय मन्त्रीज्यूले आगामी दिनमा नेपाली श्रमिकहरूका लागि कोरियामा थप रोजगारीका अवसरहरू उपलब्ध गराउन आवश्यक सहयोगका लागि अनुरोध गर्नुभयो। उहाँले नेपालको विकासमा कोरियाली सरकारले पुऱ्याएको सहयोगका लागि हार्दिक धन्यवाद दिनुहुँदै आगामी दिनमा नेपालको आर्थिक विकासमा सहयोग पुग्नेगरी कोरियाली कम्पनीहरूबाट विभिन्न क्षेत्रमा थप लगानीका लागि अनुरोध गर्नुभयो।

सो अवसरमा कोरियाका महामहिम राजदूत Park Tae-Young ले नेपाल र कोरियावीच पाँच दशक लामो समयदेखि असल र मैत्रीपूर्ण सम्वन्ध रहँदै आएको र दुई देशवीच विकास साझेदारी कार्यक्रमहरू क्रमशः बढ्दै गइरहेको कुरा बताउनुभयो। उहाँले कोरियाली सरकारले नेपाललाई विभिन्न क्षेत्रमा सहयोग उपलब्ध गराउने क्रममा प्राथमिकता प्राप्त मुलुकमा राखी सहयोग उपलब्ध गराउँदै आएको र यसलाई आगामी दिनमा समेत निरन्तरता दिइने कुरा व्यक्त गर्नुभयो। उहाँले नेपाली सेनाले संयुक्त राष्ट्रसंघको आह्वानमा विश्वका विभिन्न मुलुकहरूमा शान्ति स्थापना कार्यमा पुऱ्याइरहेको योगदानको प्रशंसा गर्नुहुँदै नेपाली सेनाको क्षमता विकासमा सहयोग पुऱ्याउन कोरिया सकारात्मक रहेको विचार व्यक्त गर्नुभयो।

शिष्टाचार भेटका अवसरमा रक्षा मन्त्रालयका पदाधिकारीहरू, परराष्ट्र मन्त्रालयका प्रतिनिधि तथा काठमाण्डौस्थित कोरियाली राजदूतावासका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

मिति २०८१ भाद्र ६

मनोजकुमार आचार्य
सहसचिव/प्रवक्ता